आज मिति २०८१/०३/०७ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं का.वा. वडा अध्यक्ष | श्री राजु खड्का |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती बोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | | श्री [illegible] |
| २ | | | श्री भिमसेन पन्त |
| ३ | | | श्री आरती रेग्मी |
| ४ | | | श्री कुमारी थापा |

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा ।

२. पन्ध्रौ नगरसभामा पेश गर्ने नीति तथा कार्यक्रम सम्वन्धमा ।

३. कर्मचारी संगठन संरचना अध्ययन प्रतिवेदन संशोधन प्रस्ताव सम्वन्धमा ।

४. मुल्याङ्कन समिति पुर्नगठन सम्वन्धमा ।

५. विद्युत महशुल सम्वन्धमा ।

६. भवनको भुक्तानी सम्वन्धमा ।

७. शार्वजनिक शौचालयमा प्यानलबोर्ड लगाउने सम्वन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

प्रस्तवा नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निणर्य नं. २**

मिति २०८१ असार ९ गते हुन गईरहेको १५ औं नगरसभामा पेश गर्ने गरी नगरप्रमुख ज्युबाट तयार पारिएको नीति तथा कार्यक्रम माथि छलफल भयो । उक्त नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा पास गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निणर्य नं. ३**

सुशासन तथा संस्थागत विकास समितिबाट पेश भएको कर्मचारी संगठन संरचना अध्ययन प्रतिवेदन २०७९ को संशोधन प्रस्ताव २०८१ माथि छलफल भयो । उक्त संशोधन प्रस्ताव आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निणर्य नं. ४**

बागलुङ नगरपालिकाको सार्वजनिक खरिदको मुल्याङ्कन गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३ बमोजिम गठीत समितिलाई पुर्नगठन गर्न आवश्यक देखिएकोले देहाय बमोजिम पुर्नगठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (क) | संयोजक | श्री धन प्रसाद पोखेल |
| (ख) | सदस्य | श्री डिल्ली प्रसाद शर्मा |
| (ग) | सदस्य | श्री सोविन घर्ति |

(घ) सदस्य श्री भिमसेन पन्त

(ङ) सदस्य सचिव श्री पुरुषोत्तम गौतम

**निर्णय नं. ५**

बागलुङ नगरपालिका क्षेत्र भित्र जडान गरिएका सडक वत्तीमा खपत भएको विद्युत महशुल सम्बन्धमा मिति २०८१/०४/०१ देखी सडक बत्तिको महसुल तिर्ने गरी छुट्टै तार विस्तार गरिदिन नेपाल विद्युत प्राधिकरणमा अनुरोध गर्ने र सो पूर्वको विद्युत महशुल मिनाहा गरिदिन समेन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

बागलुङ नगरपालिका कार्यालय परिसरमा कार्यालय भवन प्रयोजनको लागि निर्माण कम्पनी श्री आर.एस. निर्माण सेवाद्धारा निर्माण सम्पन्न भएको १२ कोठे भवनको भुक्तानीको लागि नगरस्तरिय अनुगमन समितिको मिति २०८१।०३।०३ गतेको निर्णय सिफारिस र प्राविधिक मूल्याङ्कन बमोजिम पछी सम्म फरक नपर्ने गरी हुन आउने रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

बागलुङ नगरपालिका वडा नं. २ स्थित समिक्षालय रोडमा मनकामना कन्ट्रक्सन मार्फत निर्माणाधिन स्मार्ट शौचालयमा लगाईएको प्यानल बोर्डको कारण समस्या उत्पन्न भएको हुँदा उक्त प्यानल बोर्डलाई हटाई सो स्थानमा ईट्टाको गाह्रो लगाउने र उक्त बोर्ड प्यानल बोर्ड कार्यालयमा दाखिला गर्न लगाई भुक्तानी दिने निर्णय गरियो ।